# संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) फैलिएको कारण तयार गरिएको विशेष व्यवस्था "आपत्कालीन सानो रकम कोष आदिको विशेष ऋण" को भुक्तानी छुटबारे

## ऋण भुक्तानी छुटका बुँदाहरू

- प्रत्येक कोषको किसिम अनुसार ऋण भुक्तानी छुट एकमुस्ट रूपमा दिइनेछ।
  यी कोषहरू ①आपत्कालीन सानो रकम कोष, ②समग्र सहयोग कोषको पहिलो ऋण रकम, ③समग्र सहयोग कोषको लम्ब्याइएको ऋण रकम र ④समग्र सहयोग कोषको पुनः ऋण हुन्।
- ऋण लिने व्यक्ति र घरमूलीले निवासी कर छुट (समान दर र आय अनुसार भुक्तान रकम दुबै) पाइरहेको खण्डमा उक्त व्यक्तिहरू ऋण भुक्तानी छुटको दायरामा पर्नेछन्। परिवारको अन्य सदस्यको कर स्थितिले फरक पार्दैन। (*छुट निर्णय गरिएको मितिमा फिर्ता गरिसकेको रकम भने छुटको दायरामा पर्दैन)।
- कोषको किसिम अनुसार छुटको लागि पूरा गरेको हुनुपर्ने सर्तहरू फरक हुनेछ। (तलको तालिका हेर्नुहोस्)
- **माथि लेखिएका कुराहरू बाहेक पनि, निर्णय गरिएको आर्थिक वर्ष पछि ऋण लिने व्यक्ति र घरमूलीले निवासी कर छुट पाएको खण्डमा, बाँकी ऋण एकमुस्ट रूपमा छुट हुनुका साथै, फिर्ता गरिरहेको ऋण लिने व्यक्तिको मृत्यु वा बेपत्ता भएको घोषणा गरिएको र ऋण लिने व्यक्ति टाट पल्टेको अवस्था आदिको कारणले गर्दा, फिर्ता गरिरहेको बेलामा पनि फिर्ता गर्न कठिन स्थिति भएमा, सम्पूर्ण ऋण अथवा आंशिक ऋण छुट गर्न सकिने अवस्थाहरू पनि हुन्छन्।**
- **ऋण भुक्तानी छुटको लागि आवेदन दिनु पर्नेछ** (*दायरामा पर्ने व्यक्तिहरूलाई स्वतः छुट दिइनेछैन)। समाज कल्याण परिषदबाट पठाइएको सूचना निश्चय गरेपछि म्याद भित्र आवेदन दिनुहुन अनुरोध गर्दछौं।
  बसाइ सराइ आदिको कारण **आवेदन दिएको बेलाको ठेगाना र हालको ठेगाना फरक भएको खण्डमा, ऋण आवेदनको प्रक्रिया गरेको समाज कल्याण परिषदमा सम्पर्क गर्नुहोस्।**

## छुटको लागि पूरा गरेको हुनुपर्ने सर्तहरू र अधिकतम छुट रकम

| कोषको किसिम | छुटको लागि पूरा गरेको हुनुपर्ने सर्तहरू | अधिकतम छुट रकम | ऋण फिर्ता सुरु अवधि *छुट नहुने अवस्था आदि |
|---|---|---|---|
| आपत्कालीन सानो रकम कोष<br>रेइवा 4 साल मार्चको अन्त्यसम्ममा आवेदन दिइएको रकम | आर्थिक वर्ष रेइवा 3 साल अथवा आर्थिक वर्ष रेइवा 4 सालमा **निवासी कर छुट** | 2 लाख येन | रेइवा 5 साल जनवरी～ |
| आपत्कालीन सानो रकम कोष<br>रेइवा 4 साल अप्रिलको अन्त्यसम्ममा आवेदन दिइएको रकम | आर्थिक वर्ष रेइवा 5 सालमा **निवासी कर छुट** | 2 लाख येन | रेइवा 6 साल जनवरी～ |
| समग्र सहयोग कोष (पहिलो ऋण रकम)<br>रेइवा 4 साल मार्चको अन्त्यसम्ममा आवेदन दिइएको रकम | आर्थिक वर्ष रेइवा 3 साल अथवा आर्थिक वर्ष रेइवा 4 सालमा **निवासी कर छुट** | 4 लाख 50 हजार येन (एकल परिवार)<br>6 लाख येन (2 जना वा सोभन्दा बढीको घरपरिवार) | रेइवा 5 साल जनवरी～ |
| समग्र सहयोग कोष (पहिलो ऋण रकम)<br>रेइवा 4 साल अप्रिलको अन्त्यसम्ममा आवेदन दिइएको रकम | आर्थिक वर्ष रेइवा 5 सालमा **निवासी कर छुट** | 4 लाख 50 हजार येन (एकल परिवार)<br>6 लाख येन (2 जना वा सोभन्दा बढीको घरपरिवार) | रेइवा 6 साल जनवरी～ |
| समग्र सहयोग कोष (लम्ब्याइएको ऋण रकम) | आर्थिक वर्ष रेइवा 5 सालमा **निवासी कर छुट** | 4 लाख 50 हजार येन (एकल परिवार)<br>6 लाख येन (2 जना वा सोभन्दा बढीको घरपरिवार) | रेइवा 6 साल जनवरी～ |
| समग्र सहयोग कोष (पुनः ऋण) | आर्थिक वर्ष रेइवा 6 सालमा **निवासी कर छुट** | 4 लाख 50 हजार येन (एकल परिवार)<br>6 लाख येन (2 जना वा सोभन्दा बढीको घरपरिवार) | रेइवा 7 साल जनवरी～ |

*1 रेइवा 4 साल अप्रिल पछिको आपत्कालीन सानो रकम कोष र समग्र सहयोग कोष (पहिलो ऋण) को विशेष ऋणको आवेदनको सन्दर्भमा, आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर छुटको आधारमा ऋण भुक्तानी छुटको निर्णय गरिनेछ र डिफरमेन्ट अवधि रेइवा 5 साल डिसेम्बरको अन्त्यसम्म हुनेछ।

*2 ऋण भुक्तानी छुट पछि पनि आत्मनिर्भर परामर्श सहयोग संघसंस्था आदिबाट निरन्तर सहयोग पाउन सक्ने गरी फलोअप गरिनेछ।

*3 ऋण लिने व्यक्तिको इच्छा अनुसार छोटो डिफरमेन्ट अवधि निर्धारण गरिएको खण्डमा यो लागु हुनेछैन।

**ऋण फिर्ता गर्नुपर्ने तर ऋण फिर्ता कठिन अवस्था भएको व्यक्तिले पछाडिको भागको सम्बन्धित निकायहरूको जानकारी हेर्नुहोस्।**

# ऋण फिर्ता गर्न कठिन अवस्था भएका व्यक्तिको लागि सम्बन्धित निकायहरूको जानकारी

## रोजगार र घर खर्च आदिको सहयोग



सँगै घर खर्चको समीक्षा गरी आयव्ययको स्थिति सुधार गर्ने सहयोग र ऋण समायोजनको जानकारीका साथै हेलोवर्क आदिसँग सहकार्य गरी रोजगारको लागि सहयोग गरिन्छ।

【प्रयोगको दायरामा पर्ने व्यक्तिहरू】 आय र घर खर्चबारे चिन्ता परेका व्यक्तिहरू

| मुख्य परामर्श काउन्टरहरू | सहयोग विवरण |
|---|---|
| आत्मनिर्भर परामर्श सहयोग संघसंस्था | घर खर्च सुधार सहयोग कार्यक्रम आदि र दैनिक जीवनमा परेका समग्र समस्याहरूको लागि परामर्श सहयोग गरिन्छ।<br>https://www.mhlw.go.jp/content/000936284.pdf |
| हेलोवर्क | पेसा परामर्श र पेसा सम्बन्धी जानकारी प्रदान गर्ने मात्र नभई, रोजगारको तयारी, पेसा तालिम आदिको सहयोग पनि गरिन्छ।<br>https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/koyou_roudou/koyou/hellowork.html |

आत्मनिर्भर परामर्श सहयोग संघसंस्था सूची (स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट)

हेलोवर्क सूची (स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट)

## बहुसंख्यक ऋण तथा कानुनी मामिलाको परामर्श

कनुनी विशेषज्ञ आदिद्वारा कानुनी परामर्श र ऋण समायोजन (व्यक्तिगत पुनरुत्थान, टाट पल्टेको अवस्था आदि) मा सम्पर्क गराइनेछ।

【प्रयोगको दायरामा पर्ने व्यक्तिहरू】 विशेष ऋण बाहेकका अन्य ऋण भई समस्या परेका व्यक्तिहरू

| मुख्य परामर्श काउन्टरहरू | फोन | सहयोग विवरण |
|---|---|---|
| उपभोक्ता हटलाइन (उपभोक्ता जीवनयापन परामर्श काउन्टर) | 188 | उपभोक्ता समस्याबारे परामर्श गर्न सकिने नजिकको उपभोक्ता जीवनयापन परामर्श काउन्टरको जानकारी दिइनेछ। |
| जापान कानुनी सहायता केन्द्र (हो-तेरासु सपोर्ट डायल) | 0570-078374 | आर्थिक रूपमा कठिनाइ भएका व्यक्तिहरूलाई निःशुल्क कानुनी परामर्श तथा वकिल र कानुनी कागजात तयार गर्ने अधिकारीको खर्च अस्थायी रूपमा भुक्तानी गरिदिने प्रणाली आदिको जानकारी दिइनेछ। |
| जापान बार एशोसिएशन महासंघ (हिमावारी चिन्ता 110 नम्बर) | 0570-783-110 | नजिकको वकिल संघको परामर्श केन्द्रमा सम्पर्क हुनेछ र परामर्शको लागि नाम लेखाउने आदिको जानकारी दिइनेछ। |
| कानुनी कागजात तयार गर्ने अधिकारीको समग्र परामर्श केन्द्र | नजिकको कानुनी कागजात तयार गर्ने अधिकारीको समग्र परामर्श केन्द्रमा आवश्यकता भन्दा बढी भुक्तानी गरेको छ वा छैन आदि निश्चय गर्ने बारे परामर्श लिन सकिन्छ।<br>https://www.shiho-shoshi.or.jp/activity/consultation/center_list/ | |
| बहुसंख्यक ऋणको परामर्श काउन्टर | वित्तीय सेवा एजेन्सीको वेबसाइटमा बहुसंख्यक ऋणको परामर्श काउन्टर सूची राखिएको छ।<br>https://www.fsa.go.jp/soudan/ | |

कानुनी कागजात तयार गर्ने अधिकारीको समग्र परामर्श केन्द्र सूची (जापान कानुनी कागजात तयार गर्ने अधिकारी एशोसिएशन महासंघ को वेबसाइट)

बहुसंख्यक ऋणको परामर्श काउन्टर सूची (वित्तीय सेवा एजेन्सीको वेबसाइट)

## ऋण फिर्ता सम्बन्धी परामर्श



फिर्ता गरिरहेको अवधिको ऋण भुक्तानी छुट लागु आदि गर्न सकिने अवस्थाहरू पनि हुन्छन्। साथै आवश्यक सम्बन्धित निकायहरूको सहयोगसँग सम्पर्क गराउनेछौं।

【प्रयोगको दायरामा पर्ने व्यक्तिहरू】 ऋण भुक्तानी छुटको दायरामा नपर्ने तर ऋण फिर्ता गर्न कठिन अवस्था भएका व्यक्तिहरू

【परामर्श काउन्टर】 तपाईं बसोबास गर्नुहुने जिल्ला अनुसार फरक हुनेछ। विस्तृत जानकारीको लागि जिल्ला समाज कल्याण परिषदबाट पठाइएको छुट जानकारी, होमपेज आदि हेरेर निश्चय गर्नुहोस्।

**【अन्य सोधपुछको लागि】 जीवनयापन तथा कल्याण कोष ऋण परामर्श कल सेन्टर**

**0120-46-1999** (9：00～17：00 शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक)